# धितो लिलाम बिक्रीको १५ दिने सार्वजनिक सूचना

(मिति २०८१/१०/२८ को आदर्श समाज राष्ट्रिय दैनिकमा प्रकाशित)

यस बैंकबाट तपसिलमा उल्लिखित ऋणीले लिएको ऋण चुक्ता भुक्तानी गर्न पटक-पटक मौखिक तथा लिखित ताकेता गर्दा तथा सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सोको वेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा चुक्ता फछ्यौंट नगर्न' भएको हुँदा कर्जाको सुरक्षणको रूपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्तिमध्ये कुन सम्पत्ति के कति मूल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र शिलबन्दी बोलपत्र सम्बन्धित शाखामा दाखिल गर्नुहुन इच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औ दिन (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको तालचोक शाखा कार्यालयमा, दिनको ठिक ४:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लिखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ। साथै ऋणीले कर्जा चुक्ता फछ्यौंट गरेमा बैंकद्वारा कुनै पनि बखत लिलामीको प्रक्रिया समाप्त गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

| ऋणीको विवरण | लिलाम विक्रीहुने सम्पत्तीको विवरण |
|---|---|
| १) नाम : लक्ष्मी तिवारी<br>ठेगाना : पोखरा लेखनाथ म.न.पा. वडा नं.-३१, कास्की<br>हाल : पोखरा म.न.पा. वडा नं.-३१,कास्की<br>ना.प्र.नं. : १६१५९४<br>जारी मिति : २०६२/०६/०९<br>जारी जिल्ला : कास्की<br>पतिको नाम : रमेश प्रसाद तिवारी<br>ससुराको नाम : हिमलाल तिवारी<br>ऋणको प्रकार : आवास कर्जा<br>शाखा कार्यालय : पोखरा | हिमलाल तिवारीको बुहारी, रमेशप्रसाद तिवारीको पत्नी, पोखरा लेखनाथ म.न.पा. वडा नं.-३१,कास्की बस्ने लक्ष्मी तिवारीको नाममा मालपोत कार्यालय, लेखनाथमा दर्ता स्रेस्ता कायम रहेको कास्की जिल्ला गा.वि.स.,वडा नं. ०७ स्थित कित्ता नं.: १५०६ र १५०८, क्षेत्रफल: क्रमश ०-३-२-० र ०-१-०-० (रोपनी) ,घरजग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत। |

| व्यक्तिगत धनजमानी दिनेको विवरण | | |
|---|---|---|
| १) नाम : रमेश प्रसाद तिवारी<br>ठेगाना : पोखरा म.न.पा. वडा नं.-३०, कास्की<br>हाल: पोखरा म.न.पा.वडा नं.-३१, कास्की<br>ना.प्र.नं. : १०९५३७<br>जारी मिति : २०५७/०७/०८<br>जारी जिल्ला : कास्की<br>बाबुको नाम : हिमलाल तिवारी<br>बाजेको नाम : कृतिबल्लब तिवारी | २) नाम : रश्मि तिवारी<br>ठेगाना : पोखरा म.न.पा.वडा नं.-३०,कास्की<br>हाल: पोखरा म.न.पा.वडा नं.-३१, कास्की<br>ना.प्र.नं. : ४६-०२-७८-०१३४०<br>जारी मिति : २०७८/०७/०२<br>जारी जिल्ला : कास्की<br>बाबुको नाम : रमेश प्रसाद तिवारी<br>बाजेको नाम : हिमलाल तिवारी | ३) नाम : हिमलाल तिवारी<br>ठेगाना : शिशुवा गा.पा.वडा नं.-१, कास्की<br>हाल: पोखरा म.न.पा.वडा नं.-३१, कास्की<br>ना.प्र.नं. : ३४२७<br>जारी मिति : २०४८/११/२९<br>जारी जिल्ला : कास्की<br>बाबुको नाम : कृतिबल्लब तिवारी<br>बाजेको नाम : रामलाल तिवारी |

**लिलाम बिक्रीका शर्तहरु :**

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको केन्द्रीय कार्यालय, पोखरा ८, न्यूरोड तथा शाखा कार्यालयहरुबाट प्राप्त गर्न सकिनेछ।

२. बोलपत्रका साथ आफूले खरिद गर्न कबोल गरेको रकमको न्यूनतम १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत यस बैंकको धरौटी खातामा नगदै दाखिला गरेको सक्कल भौचर सलग्न गर्नुपर्ने छ र सो रकमको कुनै व्याज दिइने छैन। साथै लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता हुने छैन।

३. बोलपत्रकर्ता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ। साथै बोलपत्रकर्ता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था/ कम्पनी / फर्म भएमा अख्तियारनामा, संचालक समितिको निर्णय, दर्ता प्रमाण पत्रको प्रतिलिपि, करचुक्ता आदि आवेदन साथ पेश गर्न'पर्नेछ।

४. शिलबन्दी बोलपत्र मिति २०८१/११/१२ दिनको ४:०० बजे भित्रमा बैंकको केन्द्रीय कार्यालय वा तालचोक शाखा कार्यालयमा आईपुग्ने गरि बुझाउनुपर्ने छ। उक्त दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालयहरु खुलेको दिनमा बोलपत्र फारम बुझाउनु पर्ने छ। गोप्य सिलबन्दी बोलपत्रहरु मिति २०८१/११/१३ गते अर्थात १६ औं दिन दिउसो ४:०० बजे यस बैंकको सम्बन्धित तालचोक शाखा कार्यालयमा उपस्थित प्रतिनिधिहरु, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ र उक्त दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालयहरु खुलेको दिन खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाइएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

५. बोलपत्र प्रस्ताव स्वीकृत भएमा धरौटी बाहेकको बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिए पश्चात् बैंकले तोकेको मिती भित्र यस बैंकमा नगदै जम्मा गरी धितोमा रहेको लिलाम सकार गरेको सम्पत्ति आफ्नो नाममा दाखिला खारेज गराई लिनुपर्ने छ। यसरी बाँकी रकम जम्मा गर्ने समय सीमा प्रदान गर्ने अधिकार यस बैंकमा निहित रहनेछ। सम्पत्ति (घर जग्गा) नामसारी गर्न लाग्ने सरकारी राजस्व, शुल्क तथा सम्पूर्ण खर्चहरु सकार गरी लिन स्वयमले व्यहोर्नु पर्नेछ।

६.बोलपत्र पेश गरेको रकमले बैंकको कर्जा चुक्ता नभएमा वा अत्यन्त न्यून रकम कबोल गरेमा वा बोलपत्र स्वीकृत नभएमा वा स्वीकृत मोलमा सो सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा बैंकको नियम बमोजिम सो सम्पत्ति बैंक आफैले सकार गर्न वा पून: सूचना जारी गरी लिलामी प्रक्रियामा जानसक्नेछ ।

७. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ। बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात् मात्र धरौटी बापत जम्मा गरेको रकम भूक्तानी गरिनेछ।

८. धितोमा रहेको सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रमा कबोल गरेको रकम स्वीकार गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्णअधिकार यस डेभलपमेन्ट बैंकमा निहित हुनेछ।

९.यस सम्बन्धी अन्य केही कुरा बुझ्नु पर्ने भएमा डेभलपमेन्ट बैंकको केन्द्रीय कार्यालय, पोखरा ०८, न्यूरोड तथा शाखा कार्यालयहरुमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ।

१०. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड
GREEN DEVELOPMENT BANK LTD
PARTNERING FOR PROSPERITY

Central Office : Pokhara-08, Newroad, Kaski
T: 061-583590, 583634
Email : info@greenbank.com.np
Website : www.greenbank.com.np